आज मिति २०८१।०९।०५ गते (ने.स.११४५ थिल्लागा चतुर्दशी) विहिबारका दिन विहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को १२ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| नविन पौडेल | लेखा अधिकृत | |
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८१।०९।०४ गते

समय : दिनको ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०९।०२ गते

**मिति २०८१।०९०४ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः-**

प्रस्ताव नं १ पूर्व निर्णयहरुको समीक्षा,
प्रस्ताव नं २ प्रशासकीय भवनको जग्गा सम्बन्धमा
प्रस्ताव नं ३ घोडेपानी देखि कास्की उल्लेरी सडक निर्माण सम्बन्धमा,
प्रस्ताव नं ४ मन्त्रालयबाट प्राप्त परिपत्र सम्बन्धमा,
प्रस्ताव नं ५ भुरुङ तातोपानी कुण्ड पूर्वाधार निर्माण सम्बन्धमा
प्रस्ताव नं ६ सामुदायिक विद्यालयको लेखापरिक्षक नियुक्ति सम्बन्धमा
प्रस्ताव नं ७ विविध

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं. १:

प्रस्ताव नं १ कार्यपालिकाको पूर्व निर्णयहरु समीक्षा गरियो । पूर्व निर्णयहरुको कार्यान्वयनमा देखिएका समस्याहरु समाधानको विषयमा छलफल गरियो ।

१. मिति २०८१।०८।२४ गते निर्णय भएको गाउँपालिका भित्र स्वास्थ्य सस्थाको लागि अ.हे.व पद रिक्त भई विज्ञापन गर्ने निर्णय कार्यान्वयन गर्ने ।

निर्णय नं २ :

प्रस्ताव नं १ उपर छलफल गर्दा गाउँपालिकाको प्रशासकी भवन निर्माणको लागि मिति २०८१।०९।२८ (१८ औ अधिवेशन) को गाउँसभामा **"गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि 'स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०' मा रहेको न्यूनतम मापदण्ड पुग्ने गरी निशुल्क जग्गा प्राप्तिको लागि हाल कार्यालय रहेको स्थानबाट वडा नं ६ भित्र नै २ कि.मि. क्षेत्रभित्र (वरिपरी) गाँउपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड अनुसार यस बमोजिम क्षेत्रफल भएको जमिन एकै कित्ताबाट एकै क्षेत्रमा एकमुष्ट उपलब्ध नभएमा अधिकतम सय मिटरको दुरीभित्र एक अर्को क्षेत्रबाट समेत मिलाई जग्गाको क्षेत्रफल मिलाउन सकिने । वा मुआब्जा निर्धारण हुने गरी प्राप्ति गर्नुपर्ने अवस्था आएमा समेत विस्तार गर्न सकिने गरी सूचना प्रकाशन गरि जग्गा प्राप्तिको कार्य अघि बढाउन सर्वसम्मत रुपले अघि बढाउने "** निर्णय भए अनुसार पोखरेवगरबाट करिव १.५ कि.मि. दक्षिण तर्फको जग्गा प्रस्ताव गरी मुआब्जा दिई प्रकृया अगाडी बढाउने नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृति प्राप्त भई जग्गा प्राप्ति ऐन २०३४ बमोजिम प्रारम्भिक कारवाही गरी प्रमुख जिल्ला अधिकारी समक्ष प्रतिवेदन पेश भएकोमा जिल्ला प्रशासन कार्यालयमा स्थानीत स्तरमा विवाद रहेको भनी केही व्यक्तिहरुले अनर्गल दुस्प्रचार गरेकोले उक्त प्रकृया अवरुद्ध भएको बुझिन आएकोले उल्लेखित विषयमा स्थानीय स्तरमा कुनै विवाद नरहेको तथा धेरै वर्ष पहिले प्रस्ताव गरिएको जग्गाको मुआब्जा अस्वाभाविक मंहगो माग गरेको र क्षेत्रफल थोरै रहेकोले उक्त जग्गा मापदण्ड समेत नपुग्ने भनी गाउँकार्यपालिकाले अस्वीकृत गरि छोडिएको व्यहोरा जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराई यथाशिघ्र जग्गा प्राप्तिको लागि मुआब्जा निर्धारण गरिदिन अनुरोध गर्ने ।

निर्णय नं ३:

प्रस्ताव नं ३ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकार (पूर्वाधार विकास कार्यालय) म्याग्दीबाट यस गाउँपालिकाको वडा नं ६मा कार्यान्वयन हुने भनी आ.व. २०८१/८२ को गण्डकी प्रदेश सरकारको स्वीकृति कार्यक्रम घोडेपानी देखि कास्की उल्लेरी सडक निर्माण को रु २० लाख बजेट कार्यान्वयन गर्न उक्त मोटरबाटोको काम यस गाउँपालिका मार्फत कार्यान्वयन गर्ने गरी

अख्तियारी हस्तान्तरणका गर्नको साथै उक्त आयोजनाको नाम "घोडेपानी देखी कास्की उल्लेरी जाने मोटरबाटो विस्तार " संशोधन समेत गरिदिनुहुन अनुरोध गर्ने तथा उक्त मोटरबाटोको काम स्थानीय उपभोक्ता समिति मार्फत गर्ने, गराउने ।

निर्णय नं ४ :

प्रस्ताव नं ४ उपर छलफल गर्दा मन्त्रालयबाट प्राप्त तपसिलको परिपत्रको पालना गर्ने ।

१) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखा को प.स. २०८१/८२, चलानी नं १३०, मिति २०८१ मार्ग ७ गतेको पत्रको साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको महाशाखा नं १ को प.स. १-अनु/सागर-२०८१/८२ मिति २०८१।८।०४, च.न. १३० बाट लेखि आएको "सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक नियमावली, २०६४ मा उपभोक्ता समितिबाट खरिद गर्न सकिने व्यवस्थाका प्रावधानहरु विपरित सार्वजनिक निकायबाट खुल्ला रुपमा प्रतिस्पर्धा गराई निर्माण गर्नुपर्ने सरकारी भवनहरुको निर्माण समेत उपभोक्ता समितिबाट गराईएको देखिएकोले उल्लेखित ऐन र नियमालीका प्रावधानहरु अक्षरशः पालना गर्ने तर्फ आवश्यक कदम उपठाउने" सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

२) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखाको प.स. २०८१/८२, चलानी नं १३१, मिति २०८१ मार्ग १४ गतेको पत्रको साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगकको महाशाखा नं २ को प.स. अणनु/वि २०८१/८२ मिति २०८१।८।७, च.न. २४५३१ बाट लेखिआएको "योजना तथा बजेट वितरण गर्दा वा कुनै विकास आयोजना शीर्षकमा रकम विनियोजन गर्दा आयोजनाको दिगोपन, कानुन बमोजिम आयोजना संचालन गर्न मिल्ने वा नमिल्ने अवस्थाको सुनिश्चितता, पूर्वाधारको अवस्था, आयोजनाको स्वामित्व तथा हकभोगमा विवाद रहित आयोजना मात्र रकम विनियोजनको सुनिश्चितता गर्ने गराउने गरि मात्र सरकारी कोषबाट रकम विनियोजन गर्ने व्यवस्था गर्न/गराउन तर्फ आवश्यक सतर्कता समेतका रकम् उठाउन।" सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

३) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखाको प.स. २०८१/८२, चलानी नं १३२, मिति २०८१ मार्ग १४ गतेको साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा-१ को प.स. १-अनु/केपी-२०८१/८२, मिति २०८१।८।४ च.न. २३५८९ बाट लेखि आएको "अब उप्रान्त रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० बमोजिम जुन विषयमा जो निकाय वा अधिकारीलाई त्यस्तो ठेक्का बन्दोबस्त गर्ने अधिकार पुग्छ सोही निकायको आधारमा अधिकार प्राप्त अधिकारीले त्यस्तो गर्नुपर्ने मा धनुषा स्थित शहिदनगर न.पा.ले निर्णय गरी अधिकार पर्स न.पा.का

पदाधिकारी एवम् प्रशासकीय प्रमुखले गर्नुपर्ने काम कारवाही वडा अध्यक्षले गरेको देखिंदा यस प्रकृतिका अधिकार विहिन निकाय र अधिकार विहिन अधिकारीले ठेक्का लगाइएको र ठेक्काबाट उठेको रकम आफुखुसी खर्च गरेको देखिदा यस प्रकृतिको आफुखुसी ठेक्का लगाई रकम उठाउने र खर्च गर्ने कार्य नगर्ने नगराउने तर्फ आवश्यक कदम उठाउनु ।" भन्ने सुझाव कार्यान्वयन गर्ने ।

निर्णय नं ५:

प्रस्ताव नं ५ उपर छलफल गर्दा भुरुङ तातोपानी कुण्डमा पूर्वाधार निर्माण गर्ने हाल भुरुङ तातोपानी कुण्डको पूर्वाधार रहेको जग्गाहरु व्यक्तिगत नाममा रहेको र उक्त जग्गाहरु गाउँपालिकाको नाममा स्वामित्व हस्तान्तरण नभएको र विद्यमान कानुनहरुको परिपालना गर्दा चालु आ.व.मा रहेको विनियोजन भएको रु ५९ लाख बजेट कार्यान्वयन गर्न सम्बन्धित जग्गाधनीहरुबाट जग्गाको स्वामित्व हस्तान्तरण गर्ने प्रकृयालाई तुरुन्त अघि बढाउने र तातोपानी कुण्डमा आवश्यक पूर्वाधार निर्माण गर्न स्थानीय जनसमुदायलाई जिम्मा दिने ।

निर्णय नं ६ :

प्रस्ताव नं ६ उपर छलफल गर्दा गाउँपालिका भित्र रहेको सबै सामुदायिक विद्यालय, सिकाई केन्द्र र बालविकास केन्द्रहरुको आ.ब. २०८०/८१ को आय ब्ययको अन्तिम लेखा परीक्षणको लागि अन्नपूर्ण गाउँपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ को दफा (६) मा बमोजिम गठित लेखापरीक्षण छनौट समितिको मिति २०८० मङ्सिर २७ गतेको बैठकबाट सिफारिस भए अनुसार तपसिल बमोजिम स्वीकृत गर्ने ।

तपसिल :

| आ.ब. ०८०/८१ को विद्यालयहरुको लेखापरिक्षण गर्न लेखापरीक्षकहरुको सिफारिस विवरण | | |
|---|---|---|
| क्र.स | विद्यालयको नाम | स्वीकृत गरिएको लेखापरिक्षकको नाम |
| १ | श्री कैलाश मा. बि., अ. गा. पा-१, दोवा | सापकोटा एण्ड कम्पनी |
| २ | श्री सुनारी आ. बि. ,अ. गा. पा-१, दोवा | सापकोटा एण्ड कम्पनी |
| ३ | श्री सर्वोदय मा. वि ,अ. गा. पा-२, तातोपानी | राज भण्डारी एण्ड कम्पनी |
| ४ | श्री हिमालय आ. वि., अ. गा. पा-२, भुरुङ् तातोपानी | राज भण्डारी एण्ड कम्पनी |
| ५ | श्री सुवा आ. बि. अ. गा. पा-३, दाना | ढाकामोहन एण्ड एसोसियट्, पोखरा |
| ६ | श्री जनकल्याण आ. बि. अ. गा. पा-३, दुवारी | ढाकामोहन एण्ड एसोसियट्, पोखरा |

| | | |
|---|---|---|
| ७ | श्री ज्योती आ. बि. अ. गा. पा ३, ठाडा | ढाकामोहन एण्ड एसोसियट्, पोखरा |
| ९ | श्री सरस्वती आ. बि. अ. गा. पा ३, काभ्रे | एच. एन. ढकाल एण्ड कम्पनी |
| ८ | श्री ज्ञान प्रकाश मा. बि.अ. गा. पा ३ दाना | एच. एन. ढकाल एण्ड कम्पनी |
| १० | श्री नारच्याङ् आ. बि. अ.गा.पा. ४,गाडपार | B.P Baral & Associates |
| ११ | श्री धवलागिरी आ. बि.अ. गा. पा ४,कोप्चेपानी | T.Paudel & Associates |
| १२ | श्री निलगिरी आ. बि.अ. गा. पा ४, घराप | T.Paudel & Associates |
| १३ | श्री प्रभा मा. बि. अ. गा. पा ४,नारच्याङ् | T.Paudel & Associates |
| १४ | श्री क्रान्ती आ. बि. अ. गा. पा ४, लेकगाउँ | B.P Baral & Associates |
| १५ | श्री पाउद्धार आ. बि. अ. गा. पा ५, गिवाङ् | Rabi & Company, Kathmandu |
| १६ | श्री पाउद्धार मा. बि. अ. गा. पा ५, पाउद्वार | Rabi & Company, Kathmandu |
| १७ | श्री किन्दु आ. बि.अ. गा. पा ५, किन्दु | तिमिल्सेना एण्ड एसोसिएट्स |
| १८ | श्री शिखर आ. बि. अ. गा. पा ५, स्वाँत | तिमिल्सेना एण्ड एसोसिएट्स |
| १९ | श्री शिख मा. बि. अ. गा. पा ५, शिख | एल. वि थापा एण्ड एसोसियट्स |
| २० | श्री शारदा आ. बि. अ. गा. पा ५, फलाटे | एल. वि थापा एण्ड एसोसियट्स |
| २१ | श्री लाली गुराँस आ. बि. अ. गा. पा ६,चित्रे | |
| २२ | श्री खिवाङ्ग आ. बि. अ. गा. पा ६, खिवाङ् | वि. डि. भट्ट एण्ड कम्पनी |
| २३ | श्री मुक्तिमार्ग मा. बि. अ. गा. पा ६, घार | Y.N Lamichhane and Associates, Pokhara |
| २४ | श्री भुवानी आ. बि. अ. गा. पा.६ घारा | वि. डि. भट्ट एण्ड कम्पनी |
| २५ | श्री मुक्तिपथ आ. बि. अ. गा. पा .६ दुरविनडाँडा | Y.N Lamichhane and Associates, Pokhara |
| २६ | श्री पोखरे आ. बि. अ. गा. पा ६ पोखरेवगर | एल. वि थापा एण्ड एसोसियट्स |
| २७ | श्री शिवालय आ. बि. अ. गा. पा ७, दोसल्ले | जे.वी बानियाँ एण्ड एसोसियट्स |
| २८ | श्री घराम्दी आ. बि. अ. गा. पा ७, घराम्दी | एस. के.सी एण्ड एसोसिएट्स |
| २९ | श्री टिकोट मा. बि. अ. गा. पा -७, टिकोट | एस. के.सी एण्ड एसोसिएट्स |
| ३० | श्री मण्डली आ. बि. अ. गा. पा-७, औला | L. D. Sapkota & Associates |
| ३१ | श्री आदर्श मा. बि. अ. गा. पा-७, रिमा | L. D. Sapkota & Associates |
| ३२ | श्री काफलडाँडा आ. बि. अ. गा. पा-८, | जे.वी बानियाँ एण्ड एसोसियट्स |
| ३३ | श्री देउराली आ. बि. अ. गा. पा-८, राम्चे | E.N. Paudel and Associates |

| | | |
|---|---|---|
| ३४ | श्री चन्द्र आ. बि. अ. गा. पा-८, महभिर | E.N. Paudel and Associates |
| ३५ | श्री शान्ति कालिका आ. बि.अ. गा. पा -८, थामन | B.N. Sharma & Associates |
| ३६ | श्री हिमाञ्चल मा. बि. अ. गा. पा-८, नागीं | B.N. Sharma & Associates |

**निर्णय नं ७ :**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१. कल्प इम्पावर वमेन नेपालले आयोजना गरेको शी लिड्स आइकनका पुरस्कार तथा सम्मान कार्यक्रम २०८१ पुष १९ गते हुने कार्यक्रममा रु ६०,०००/- (अक्षेरुपी रु साठी हजार) को २×३ मिटरको स्टल र विविध स्थानीय उत्पादन र पर्यटकीय क्षेत्रहरुको प्रचार प्रचार गर्न र उक्त कार्यक्रमको लागि रु १,५०,०००/- (रु एक लाख पचास हजार) विविध खर्च शिर्षकबाट भुक्तानी हुने गरी कार्यक्रमको प्रस्तावना स्वीकृत गर्ने ।

२. कालीगण्डकी करिडोरको सडक अन्तर्गत यस गाउँपालिका पर्ने बस्तीहरुमा बाटोको Right of Way (सडकको मापदण्ड) १० मिटर र सेटब्याक २ मिटर राखेर मापदण्ड तय गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

३. जन्मदर्ता, नागरिकता प्रमाणपत्र लगायतका घटना दर्ता र पञ्जिकरणको समस्याहरुको समाधानको लागि प्रमुख जिल्ला अधिकारी सहितको विज्ञ टोलीलाई बोलाएर वडासचिव तथा वडाध्यक्षहरुलाई अभिमुखिकरण कार्यक्रम गर्ने ।

४. यस गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा स्वीकृत भएको रु २,५०,०००/- बजेटको **'नेपाल लोकवार्ता परिषदलाई सहयोग'** कार्यक्रमको शिर्षक **'भुमेपुजा तथा भराभरानी खोज अनुसन्धान'**मा परिवर्तन गर्ने र आगामी गाउँसभाको अधिवेशनबाट स्वीकृत गराउने।

५. वडा नं ५ शिख बस्ने चित्र बहादुर वि.क.को छोरा तासबहादुर विश्वकर्मा विगत लामो समय देखि टाउँको र घाँटीको उपचार गराईरहेको र निजको शल्यक्रिया गर्नु पर्ने र आर्थिक अवस्था कमजोर भएको कारणले रु २०,०००/- आर्थिक सहयोग गर्ने ।

६. ८ नं वडा कार्यालय राम्चेको सिफारिस अनुसार वडा नं ८ राम्चे बस्ने ठग बहादुर पाइजा को छोरा कर्ण बहादुर पाइजाको मिति २०८१ मंसिर ७ गते काफलडाँडा आधारभुत विद्यालयको प्याराफिट निर्माणका लागि ढुङ्गा फड्ने क्रममा ढुङ्गा माटोको थुप्रो खस्न गई मृत्यु भएकोमा उक्त परिवारलाई मृतकको दाहसस्कार र काजकृया गर्न रु १५,०००/- सहायता प्रदान गर्ने ।

७. ६ नं वडा कार्यालयको चलानी नं ४०६, मिति २०८१।०८।१३ को राहत उपलब्ध गराईदिने सम्बन्धी सिफारिस पत्रानुसार वडा नं ६ बस्ने रविन परियारलाई खुट्टाको उपचारको क्रममा १,३६,४३२/- खर्च भएको र निजको आर्थिक अवस्था कमजोर भएको

भनि निवेदन पेश गरेकाले रविन परिवारलाई रु २०,०००/- (अक्षेरुपी रु बिस हजार मात्र) आर्थिक सहायता गर्ने ।

८. वडा नं ६ को वडासदस्य श्री क्षेत्र बहादुर बरुवालको यही मिति २०८१ असोज २६ गते मोटरबाईकबाट दुर्घटनामा परी हात भाचिई उपचार गराउदा धेरै खर्च लागेको भनी वडा नं ६ बाट चलानी नं ३३३, मिति २०८१।०७।२७ गतेको उपचार खर्च उपलब्ध गराइदिने सम्बन्धी सिफारिस र वडासदस्यको व्यक्तिगत निवेदन प्राप्त भएको हुदा निज वडा सदस्य क्षेत्र बहादुर बरुवाललाई रु २०,०००/- उपचार खर्च उपलब्ध गराउने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष